आज मिति २०८३/०४/०१ गतेका दिन बिहान ०८:०० बजे यस फलेवास नगरपालिकाका नगरप्रमुख श्री गंगाधर तिवारीज्यूको अध्यक्षतामा बसेको कार्यपालिका बैठकमा देहाय बमोजिमको उपस्थिति रहेको छ।

**<u>उपस्थिति:</u>**

| क्र.सं. | पद | नामथर | हस्ताक्षर |
|---|---|---|---|
| १ | प्रमुख | श्री गंगाधर तिवारी | (हस्ताक्षर) |
| २ | उपप्रमुख | श्री शोभा कुमारी क्षेत्री | |
| ३ | वडाध्यक्ष | श्री चोलाकान्त पाध्या | (हस्ताक्षर) |
| ४ | वडाध्यक्ष | श्री गंगा नारायण श्रेष्ठ | (हस्ताक्षर) |
| ५ | वडाध्यक्ष | श्री अर्जुनबहादुर कार्की | (हस्ताक्षर) |
| ६ | वडाध्यक्ष | श्री अच्यूत तिवारी | |
| ७ | वडाध्यक्ष | श्री नारायण प्रसाद लामिछाने | (हस्ताक्षर) |
| ८ | वडाध्यक्ष | श्री नविन कुमार श्रेष्ठ | (हस्ताक्षर) |
| ९ | वडाध्यक्ष | श्री केशर पन्त | |
| १० | वडाध्यक्ष | श्री मनबहादुर कुँवर | (हस्ताक्षर) |
| ११ | वडाध्यक्ष | श्री हितमान गुरुङ | |
| १२ | वडाध्यक्ष | श्री अमरबहादुर क्षेत्री | (हस्ताक्षर) |
| १३ | वडाध्यक्ष | श्री रुद्रबहादुर पाठक | (हस्ताक्षर) |
| १४ | कार्यपालिका सदस्य | श्री दुर्गाकुमारी शर्मा | |
| १५ | कार्यपालिका सदस्य | श्री भगवती पौडेल | |
| १६ | कार्यपालिका सदस्य | श्री सावित्रा कुमारी शर्मा | |
| १७ | कार्यपालिका सदस्य | श्री सुनिता शर्मा | (हस्ताक्षर) |
| १८ | कार्यपालिका सदस्य | श्री कला नेपाली | (हस्ताक्षर) |
| १९ | कार्यपालिका सदस्य | श्री नेत्र बहादुर बि.क. | (हस्ताक्षर) |
| २० | कार्यपालिका सदस्य | श्री चन्द्र बहादुर नेपाली | (हस्ताक्षर) |
| २१ | कार्यपालिका सदस्य | श्री बाबुराम विश्वकर्मा | (हस्ताक्षर) |
| २२ | का.वा. वडाध्यक्ष फनपा ९ | श्री दुर्गाराज सुबेदी | (हस्ताक्षर) |
| २३ | सचिव | श्री भोला प्रसाद चापागाईं | (हस्ताक्षर) |

CamScanner

(आ.व. २०८३।०८४ को पहिलो बैठक)

फलेवास नगरपालिका, खानीगाउँ, पर्वत

नगर कार्यपालिकाको बैठक

२०८३/०४/०१

समयः बिहान ८:०० बजे

**प्रस्तावहरुः**

१ आर्थिक वर्ष २०८२।०८३ को वार्षिक समिक्षा सम्बन्धमा ।

२ फलेवास नगरपालिका र अन्तर्गत कार्यरत अस्थायी र सेवा करारमा कार्यरत कर्मचारीहरुको व्यवस्थापन सम्बन्धमा ।

३ फलेवास नगरपालिकाको सुरक्षित आप्रवासन सम्बन्धि कार्यविधि २०८३ लाई दफावार छलफलका लागि बिधायन समितिमा पठाउने सम्बन्धमा ।

४ नगरपालिकाको लोगो र नगरगान छनोट समिति गठन सम्बन्धमा ।

५ मुडिकुवा स्वास्थ्यचौकीमा कार्यरत जनस्वास्थ्य निरिक्षक दुर्गाबहादुर क्षेत्री र कुर्घा स्वास्थ्यचौकीमा कार्यरत हेल्थ असिस्टेण्ट बिप्लव थापाको अध्ययन बिदाको पूर्व स्वीकृती प्रदान गर्ने सम्बन्धमा ।

६ दररेट सम्बन्धमा ।

गंगाधर तिवारी
नगर प्रमुख

(आ.व. २०८३।०८४ को पहिलो बैठक)

## फलेवास नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय, पर्वत

२०८३/०४/०१ गतेको कार्यपालिका बैठकका निर्णयहरु:

***निर्णयहरु:***

१ आर्थिक वर्ष २०८२।०८३ को वार्षिक भौतिक, बित्तीय तथा विषय क्षेत्रगत प्रगतिका सन्दर्भमा सघन समिक्षा गरियो । गत आर्थिक वर्षमा नगरपालिकाको समग्र आर्थिक तथा भौतिक (चालु तर्फ ८५.६५ र पुँजीगत तर्फ ७५.८८ गरी जम्मा ८३.२४ प्रतिशत) प्रगति भएको पाइयो । साथै वार्षिक प्रगति समिक्षा बैठक यही साउन २१ गते बिहिबारका दिन यसै नगरपालिकाको सभाहलमा आयोजना गर्ने ।

२ यस नगरपालिका र मातहतका कार्यालयहरुमा कार्यरत अस्थायी र सेवा करारमा कार्यरत सम्पूर्ण कर्मचारीहरुको यही २०८३ साउन १ गतेदेखि लागु हुनेगरी मिति २०८३ पुष मसान्तसम्म म्याद थप गरी कार्यसम्पादन गर्ने/गराउने । साथै प्राविधिक शाखातर्फ स्थायी सेवाका कर्मचारीको पदपुर्ति भएको हुँदा यसअघि करार सेवामा नियुक्ति गरिएका प्राविधिकहरुको करार सम्झौता यहि २०८३ साउन १ गतेदेखि अन्त्य गर्ने र हालसम्म नीजहरुले नगरपालिकालाई पुऱ्याउनुभएको योगदानको उच्च मुल्यांकन गर्दै धन्यबाद ज्ञापन गर्ने ।

३ फलेवास नगरपालिकाको सुरक्षित आप्रवासन सम्बन्धि कार्यविधि, २०८३ लाई दफाबार छलफल गरी आगामी कार्यपालिकामा पेश गर्नेगरी विधायन समितिमा पठाउने ।

४ मिति २०८३।०३।०८ गतेको कार्यपालिका बैठकको निर्णय बमोजिम मिति २०८३।०३।१७ गते नगरपालिकाको लोगो र नगरगान आव्हानका लागि ७ दिने सूचना प्रकाशित भएकोमा सो मितिभित्र प्राप्त (नगरगानका ९ र लोगोका २ सहित) ११ वटा आवेदनहरुमध्येबाट उपयुक्त लोगो र गान छनोट गर्न तपशिल बमोजिमको समिति गठन गर्ने । उक्त समितिले आवश्यकता अनुसार अन्य बिज्ञ व्यक्तित्वहरुको सहयोग लिन सक्ने ।

**देहाय:**

| | |
|---|---|
| १ : नारायण लामिछाने | - संयोजक |
| २ : अर्जुन बहादुर केसी | - सदस्य |
| ३ : नबिन कुमार श्रेष्ठ | - सदस्य |
| ४ : सुनिता शर्मा | - सदस्य |
| ५ : चन्द्र बहादुर नेपाली | - सदस्य |
| ६ : कृष्ण प्रसाद आचार्य | - सदस्यसचिव |

५ मुडिकुवा स्वास्थ्यचौकीमा कार्यरत जनस्वास्थ्य निरिक्षक दुर्गाबहादुर क्षेत्री र कुर्घा स्वास्थ्यचौकीमा कार्यरत हेल्थ असिस्टेण्ट बिप्लव थापाले चिकित्सा शिक्षा स्नातक तहको एकिकृत परिक्षामा सहभागि हुन पूर्व स्वीकृतिका लागि निबेदन पेश गर्नुभएकोमा नीजहरु दुबैजनालाई गण्डकी प्रदेश सरकारको स्थानीय सेवा गठन तथा सञ्चालन नियमावली २०७९ र नियमावली २०८० बमोजिम उक्त परिक्षामा सहभागि हुन पूर्वस्वीकृति प्रदान गर्ने ।

६ सार्वजनिक खरिद नियमावली २०६४ को नियम १४८ (१) बमोजिम जिल्ला दररेट निर्धारण समिति पर्वतको मिति २०८३।०३।३० को बैठकबाट स्वीकृत पर्वत जिल्लाको जिल्ला दररेटमा यस नगरपालिकाको भौगोलिक विकटता र दुरीका आधारमा ढुवानीमा प्राविधिक शाखाले वास्तविकताका आधारमा पुनर्विचार गर्नेगरी सोहि दररेट स्वीकृत गरी कार्यान्वयन गर्ने ।

गंगाधर तिवारी
नगर प्रमुख

CamScanner